धनगढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा
प्रदेश नं. २, नेपाल

च.न ४३×/०७६/०७७ मिति : २०७६/०७/०७

**श्री सम्पुर्ण सहकारी संघ संस्था हरु**

विषय : तालिम कार्यकमहरुमा सहभागिता सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा श्री राष्ट्रिय सहकारी महासंघ लि. नेपालको च.नं. १४०/०७६/०७७ मिति २०७६/०६/२९ गतेको प्राप्त पत्रानुसार नेपालको सहकारी अभियानको गुणात्मक विकास र विस्तारका लागी राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ संस्थाहरुको नीतिगत, संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकृतिको तालिम कार्यक्रम संचालन गर्ने भएको हुदाँ आफनो आफनो संघ संस्थाहरुको ऋण लगानी र असुलीलाई उपयोगी एवं प्रभावकारी रुपमा संचालन गर्न, सहकारी संघ संस्थाहरु तथा सदस्यहरुको व्यवसायलाई प्रवर्द्धन गरी उधमशीलताको विकास गर्न आवश्यक सैद्धान्तिक एवं व्यवहारिक ज्ञान शिप प्रदान गरी उत्प्रेरित गर्न र सहकारी ऐन तथा नियामावलीमा भएका व्यवस्थाहरुको जानकारी गराउने उद्देश्यका साथ तपसिलमा उल्लेखित तालिमहरुको आयोजना गर्न गईरहेको व्यहोरा अवगत गराउन चाहन्छौं ।

यसर्थ, सहकारी संघ संस्थाका संचालक, ऋण उपसमितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापक, एवं ऋण लगानी र असुली सँग सम्बन्धीत कर्मचारी एवं अन्य समिती, उपसमितिका सदस्यहरुलाई लक्षित गरी निम्न मिति, समय र स्थानमा अनुभवी विषय विज्ञहरुद्वारा सहजीकरण हुने तपसिलमा उल्लेखित तालिमहरुमा त्यस संघ संस्थाबाट सहभागीता लागी हार्दिक अनुरोध छ ।

| क.सं. | तालिमको शिर्षक | संचालन मिति | समय | शुल्क प्रति सहभागी |
|---|---|---|---|---|
| १ | ऋण जोखिम न्युनिकरण तालिम | २०७६ कार्तिक १९ र २० गते | १० बजे देखि ४ बजे सम्म | रु.३०००। |
| २ | उधमशिलता तथा सहकारी व्यवसाय विकास तालिम | २०७६ कार्तिक २५ र २६ गते | १० बजे देखि ४ बजे सम्म | रु.३०००। |
| ३ | सहकारी ऐन तथा नियामावली अभिमुखीकरण | २०७६ कार्तिक २८ गते | १० बजे देखि ४ बजे सम्म | रु.१५००। |

पुनश्च : उक्त तालिम ललितपुरको पुल्चोक हुने, सहभागीहरुलाई स्टेशनरी, खाजा, र प्रमाणपत्र दिने र उक्त सहकारीको खाता नं. १३००००१४ बानेश्वर शाखा र रा.वा.बैंकको पुल्चोक शाखाको खाता नं. ११४००००००२६०६ मा पैसा पठाउने साथै अन्य जानकारीको लागी फोन नं.९७७-१-५०१०११६,५०१००३३ मा सर्म्पक गर्नु होला ।

२०७६/०७/०७
**अधिकृत**

*"खुला दिशामुक्त धनगढीमाई नगरपालिका हाम्रो शान , पूर्ण सरसफाईयुक्त नगरपालिका हाम्रो अभियान"।*

फोन नं. :०३३-५४५२७१ Email: dhangadhimai@gmail.com